त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय
पोष्ट बक्स नं. ९८४, कीर्तिपुर, काठमाण्डौं, नेपाल

मिति: २०७८/०४/०१

# कृषि तथा भेटेरीनरी स्नातक तहका परीक्षा संचालन संबन्धि सूचना

१. परीक्षार्थी, निरीक्षक र परीक्षा सामग्री संबन्धमा

परीक्षाको समयमा परीक्षा भवनमा प्रवेश गर्नु अगावै परीक्षार्थी एवं निरीक्षकहरुले अनिवार्य रुपमा निम्न निर्देशनहरु पालना गनुपर्नेछ । संपूर्ण परीक्षार्थीहरुले मास्क र Sanitizer लगाउनुपर्नेछ । परीक्षा हल प्रवेश गर्नु पूर्व प्रवेशपत्र, पेन्सिल, स्केल, क्याल्कुलेटर जस्ता शैक्षिक सामाग्री स्वयमले व्यवस्था गर्नुपर्नेछ । उक्त सामाग्रीहरु एक अर्कालाई आदान प्रदान गर्न पाइने छैन । निरीक्षकहरुको हकमा मास्क र हेण्ड Sanitizer, हातमा ग्लोब संबन्धित क्याम्पसले व्यवस्था गर्नुपर्नेछ ।

२. परीक्षा केन्द्र परिवर्तन संबन्धमा

यस अध्ययन संस्थानको २०७८ श्रावण महिनादेखि संचालन हुने वि.एस्सी.कृषि तहका नियमित तथा पुन: परीक्षाको लागि विद्यार्थी आफूलाई पायक पर्ने आंगिक तथा संबन्धन प्राप्त क्याम्पस वा कलेजमा परीक्षा केन्द्र परिवर्तन गर्न पाउने व्यवस्था मिति २०७८/०३/२५ गते सूचना प्रकाशित गरिएको थियो । परीक्षा केन्द्र परिवर्तन गर्न चाहने परीक्षार्थीले आफूले अध्ययन गरेको क्याम्पस वा कलेजको नाम उल्लेख गरी संबन्धित क्याम्पसलाई निवेदन दिनुपर्ने र आफूले परिवर्तन गर्न चाहेको परीक्षा केन्द्रको नाम उल्लेख गरी क्याम्पसको सिफारिश गराई विद्यार्थीको निवेदन सहित परीक्षा नियन्त्रण महाशाखामा तोकिएको मिति भित्र कुनैपनि माध्यमबाट उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको थियो ।

३. COVID-19 व्यवस्थापन संबन्धमा

COVID-19 Positive आएको १५ दिन पुगेको छ भने त्यस्ता परीक्षार्थीलाई परीक्षा भवनमा सहभागी गराईनेछ तर १५ दिन नपुगेको रहेछ भने COVID-19 को Report Positive आएको खण्डमा छुट परीक्षाहरु २१ दिन पछि दिने व्यवस्था गरिएको छ तर त्यस्ता विद्यार्थीले COVID-19 Positive भएको र पछि Negative भएको अस्पतालको कागजात सहित छुट परीक्षा दिनको लागि निवेदन गर्नुपर्नेछ तर परीक्षा संचालन भएको समयमा वा पूर्व COVID-19 Positive भएको १५ दिनसम्म त्यस्ता परीक्षार्थीलाई परीक्षामा सहभागी गराइने छैन । छुटेका बिषयको परीक्षा २१ दिन पछि दिने व्यवस्थामा COVID-19 Negative को कागजात र छुट बिषय दिनको लागि निवेदन हुनुपर्नेछ ।

४. परीक्षा संचालन गर्नु भन्दा अगावै परीक्षा केन्द्राध्यक्ष वा संबन्धित क्याम्पस प्रमुखले स्थानिय सरकार वा प्रशासनको समभदारीमा PCR Test हुन सकेमा आवश्यक पहल गर्न सकिनेछ । PCR Test, COVID-19 नभएका परीक्षार्थी वा निरीक्षकहरुलाई उल्लेखित स्वास्थ्य सतर्कता अपनाई परीक्षामा सहभागी गराइनेछ ।

रामपुर: फोन:०९७७-५६-५९११४१, फ्याक्स:५६-५९१०२१, काठमाण्डौ:०९७७-१-४३३१९०२, ईमेल:dean@iaas.edu.np, website: iaas.edu.n

त्रिभुवन विश्वविद्यालय

कृषि र पशु विज्ञान अध्ययन संस्थान

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय

पोष्ट बक्स नं. ९८४, कीर्तिपुर, काठमाण्डौं, नेपाल

(क) Seat Plan गर्दा सामाजिक दुरी ६ फिट हुने गरी व्यवस्था गर्ने ।

(ख) परीक्षा भवन र कुर्सी टेवलहरुमा दैनिक परीक्षा हुनुपूर्व Sanitizer छर्कनु पर्नेछ ।

(ग) परीक्षार्थी, निरीक्षक तथा कर्मचारीहरुलाई परीक्षा भवन प्रवेश हुनु पूर्व तापक्रम नाप्ने, Hand Sanitizer अनिवार्य व्यवस्था गर्ने र मास्क अनिवार्य हुनुपर्नेछ ।

(घ) निरीक्षकहरुको हकमा संपूर्ण स्वास्थ्य सामाग्रीको व्यवस्था क्याम्पसले गर्ने ।

माथि उल्लेखित निर्देशिका बाहेक COVID-19 को व्यवस्थापनमा संबन्धित क्याम्पस र स्थानिय प्रशासनको समन्वयमा केन्द्राध्यक्ष वा क्याम्पस प्रमुखले आवश्यक निर्देशिका जारी गरी सही सूचनाको आधारमा संबन्धित क्याम्पस प्रमुखहरुले आवश्यक सूचना जारी गर्न सक्नेछन् । त्यस्ता जानकारी यथासिघ्र परीक्षा नियन्त्रण महाशाखा रामपुरमा जानकारी गराउनु पर्नेछ ।

..................

(सरोजराज मिश्र)

स.डीन (परीक्षा)

रामपुर: फोन:०९७७-५६-५९११४१, फ्याक्स:५६-५९१०२१, काठमाण्डौ:०९७७-१-४३३३९०२, ईमेल:dean@iaas.edu.np, website: iaas.edu.n